# धुर्कोट गाउँपालिकाको गाउँसभामा प्रस्तुत
# आ.व. २०७५/७६ को
# नीति तथा कार्यक्रम

## गाउँ कार्यपालिकाको कार्यालय
## बर्वोट, गुल्मी
## प्रदेश नं. ५, नेपाल
## ७ आषाढ, २०७५

### गाउँ सभाका आदरणीय सम्पूर्ण सदस्य ज्यूहरु,

### आमन्त्रित समाजसेवी बुद्धिजीवी व्यक्तित्व,आमाबुबा,दाजुभाई तथा दिदिबहिनीहरु,

जनताको संघर्षपूर्ण बलिदानको परिणामस्वरुप प्राप्त नेपालको संविधान,२०७२ कार्यान्वयन गर्ने क्रममा जनप्रतिनिधिहरुले स्थानीय तहमा काम गर्न लागेको एक वर्ष पुरा भएको छ । मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका निम्ती आफ्नो अमूल्य जीवन सर्मपण गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति यस गाउँपालिकाको तर्फबाट भावपूर्ण श्रदाञ्जली अर्पण गर्दै घाईतेहरु  प्रति उच्च सम्मान गर्दछु ।
यस एक वर्षको विचमा धुर्कोट गाउँपालिकाको समग्र विकासका लागि सहयोग गर्नुहुने आम जनसमुदाय, विभिन्न संघ संस्था, जनप्रतिनिधि, कर्मचारी, शिक्षक, बुद्धिजिवी, व्यापारी, सुरक्षाकर्मी, पत्रकार, तथा समन्वयात्मक सहकार्य र स्वच्छ लोकतान्त्रिक अभ्यास गर्ने सम्पूर्ण राजनैतिक दलप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।
सार्वभौम नेपाली जनताले निर्माण गरेको नेपालको संविधानले संघियता,समृद्धि समाजको आधारशिला निर्माण गर्नमा योगदान गर्नेछ । गाउँपालिका भित्र सञ्चालन गरिने आयोजनाहरु दिगो विकासको लक्ष्य हासील गर्नको लागि केन्द्रीत हुनेछन । आयोजना सञ्चालन गर्दा वातावरण संरक्षणको लागि ध्यान दिईनेछ । हरेक आयोजनाहरु सञ्चालन गर्दा महिला मैत्री, बाल मैत्री, जेष्ठ नागरिक मैत्री तथा अपांङ मैत्री बनाउन जोड दिइनेछ । धुर्कोट गाउँपालिकामा हुँदै गरेको गाउँसभाको यो ऐतिहासिक अवसरमा यस गाउँपालिकालाई सवल, संवृद्ध र नमुना गाउँपालिका निर्माणका निम्ती प्रतिवद्धता र संकल्प सहित यो नीती तथा कार्यक्रम ल्याईएको व्यहोरा अनुरोध गर्दछु ।

### आदरणीय उपस्थित सभाका सदस्यहरु तथा महानुभावहरु ,

धुर्कोटवासी जनतालाई सुशासनको प्रत्याभुति गर्दै घर आगनमै सेवा पुर्याउन सके मात्र लोकतान्त्रीक गणतन्त्रले सार्थकता पाउने मान्यतामा उभिएर यस गाउँपालिका अधिकार सम्पन्न स्थानीय सरकारको रुपमा द्धढता सहित उभिने छ । समावेशी प्रतिनिधित्व, विकास निर्माण एंव साधन स्रोतमा जनताको स्वामित्वले मात्रै लोकतन्त्र अगाढी बढ्ने छ ।
स्थानीय तहमा महिला, जनजाती, दलित, अपाङ्ग, आदिवासी, अल्पसंख्यक पीछडिएको क्षेत्र र वर्गको समावेशी प्रतिनिधित्व सुरक्षित गर्न र निर्वाचित जनप्रतिनिधिहरुको माध्यम बाट जनसहभागिता मुलक विकासलाई नयाँ गति दिन यस गाउँपालिका सक्षम रहने छ ।
नेपालको संविधानले निर्दिष्ट गरेका अधिकारहरुको व्यापक र प्रतिफलयुक्त अभ्यास गर्दै स्थानीय तहको सरकारलाई शसक्त र सवल रुपमा विकास गराउनुपर्दछ भन्ने माग समेत गर्दै आफुलाई सोही बाटोमा अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु ।
जनप्रतिनिधिको एक वर्षको अवधिमा जनताका माग आवश्यकतालाई सम्मान गर्दै स्थायी सरकारको रुपमा कार्य गरि अनवरत रुपमा सेवा प्रदान गर्नुभएका कर्मचारी वर्गप्रति सम्मान गर्दै उहाँहरुको मनोवललाई उच्च राखि अझ प्रभावकारी ढंगबाट सेवा प्रदान गर्न उत्प्रेरित हुन अपिल गर्दछु साथै सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि निरन्तर खटिराख्नु भएका शिक्षक, व्यवस्थापन समितिहरुलाई उच्च मनोवलका साथ रुपान्तरण र परिवर्तनका लागि अनुरोध गर्दछु  साथै सम्पूर्ण विद्यार्थी भाईबहिनीहरुलाई मेहनतका साथ अध्ययन गर्न अपिल गर्दछु ।

*उत्पादन गरौ, आत्मनिर्भर बनौ,*
*समृद्ध धुर्कोट हामी मिली बनाऔं ।*

### उपस्थित सभाका सदस्यहरु तथा मानुभावहरु,

गाउँपालिकाको निर्वाचन सम्पन्न भई पदभार ग्रहणसँगै घोषणा गरिएको खरको छानो विस्थापनका लागि जस्तापाता खरिद गरि वितरण कार्य भईरहेको छ । यसै वर्ष खरको छाना मुक्त गाउँपालिका घोषणा गरिनेछ ।

यसै गरि धुर्कोट कोट संग्रालय, बर्वोट सहिद पार्क र घरिथुम खेल मैदानलाई गौरवको आयोजना घोषण गरि कार्यक्रम अगाडी बडाइनेछ । उक्त योजनाहरु निर्माण गर्दा रकमको अभाव हुन दिइने छैन । निर्माण कार्य सम्पन्न हुने गरि क्रमागत आयोजनाहरुलाई अगाडी बढाईनेछ ।

अब म विषयगत रुपमा यस गाउँपालिकाले अवलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । गाउँपालिकाको श्रोतको अनुमान, प्राप्ति, परिचालन र उपभोक्ता नागरिक सहभागिताको प्रवर्धन गर्दै बजेटको प्रभावकारि, प्रतिफलमुलक र पारदर्शी रुपमा कार्यान्वयन गरिनेछ । योजना कार्यान्वयनमा चूस्तता कायम गर्न प्रविधिको अधिकतम प्रयोगमा जोड दिईनेछ ।

प्रगतिशिल कर प्रणाली अवलम्बन गरिनेछ । कर अभिलेख प्रणालीलाई सुचना प्रविधिमा आधारित बनाउदै लगिनेछ ।

## आर्थिक विकास :

कृषि क्षेत्रको विकासका लागि वैज्ञानिक र व्यवसायिक खेति प्रणाली अवलम्बन गरिनेछ । पकेट क्षेत्र तथा कृषि ब्लक निर्धारण गरि कृषिमा विविधिकरण गरिनेछ । सुन्तला, अदुवा, कफि, खुर्सानी, अमिला जातका फलफुल, मसलावाली तथा नगदेवालीलाई प्रवर्धन र विकास गरिनेछ । उत्पादनमा आधारीत अनुदानलाई प्रभावकारी ढंगले अगाडी बडाइने छ । किसान परिचयपत्र वितरणको कामलाई निरन्तरता दिईनेछ ।

प्रत्येक वडामा माटो परिक्षण गर्न शिविर सञ्चालन गरिनेछ र माटोको उपचार गरि उत्पादनलाई बृद्धि गरिनेछ ।

सहकारी खेति, महिलाहरुद्वारा सञ्चालित सहकारी एंव उत्पादनमुलक सहकारीद्वारा सञ्चालीत कार्यक्रमलाई प्राथमिकतामा राखि प्रोत्साहन गरिनेछ । घास खेतीलाई व्यवसायिकरण गरिनुका साथै घास सम्बन्धी नर्सरी स्थापना गरिनेछ । वार्षिक रुपमा उत्कृट किसानलाई पुरष्कृत गरिनेछ ।

अर्गानिक मौरिपालन व्यवसायका लागि कृषक समुह तथा पकेट क्षेत्र बनाई कार्यान्वयन गरिनेछ । व्यवसायिक च्याऊ खेति कार्यक्रम सञ्चालन गरिनेछ ।

रोजगारमुलक बहुवर्षिय कृषि कान्ति योजना तयार गरि लागु गरिनेछ । अनुपस्थित भु स्वामित्व अन्त्य गर्न लगत संकलन गरि जग्गाको वर्गिकरण गरिने र उत्पादनमुलक कार्य सञ्चालन गरिनुका साथै भुमि बैंक स्थापना गरि उत्पादनमा जोड दिइने छ ।

२० वर्ष भन्दा बढी अनवरत व्यवसायिक कृषिमा संलग्न किसानलाई उचित सामाजिक सुरक्षा प्रदान गरिनेछ ।

व्यवसायिक पशुपालन, मासु उत्पादन, दुग्ध उत्पादन तथा पोल्ट्रि जन्य वस्तुको उत्पादनलाई प्रोत्साहन गरिनेछ । सामुहिक र सहकारी खेतिलाई जोड दिइनेछ । कृषि र पशुपालन क्षेत्रमा विमाको व्यवस्था गरिनेछ । विमा गर्दा किसानले तिर्ने प्रिमियम (Premium) शुल्क बापतको रकममा ५० प्रतिशत गाउँपालिकाको तर्फ बाट उपलब्ध गराइनेछ ।

प्राकृतिक श्रोतसाधनको पहिचान गरि त्यसको सहि व्यवस्थापन र संरक्षण पश्चात मात्र वैज्ञानिक ढङ्गबाट उपभोग गरिनेछ । जडिबुटि नर्सरी स्थापना गरि जडिबुटि खेतिलाई प्रवर्धन गरिनेछ । प्रविधि, मेसिन तथा औजारहरुलाई ५० देखि ८० प्रतिशत सम्म अनुदानमा किसानलाई उपलब्ध गराइनेछ । यसै वर्ष खसि र बोकाको मासु उत्पादनमा बृद्धि गरि आत्मनिर्भर गाउँपालिका घोषणा गरिनेछ ।

कृत्रीम गर्भधानबाट सुत्केरी बनेको पशु जसमा गाई र भैसीलाई दुई हजार र बाखालाई एक हजार बराबरको पोषण उपलब्ध गराईनेछ । कृत्रीम गर्भधान केन्द्र सञ्चालन गरिनेछ । गरिवी न्युनिकरण र रोजगारीका लागि कृषि र पशु पालनलाई व्यवसायीकरण गरिनेछ ।

पुष्प खेतीलाई व्यवसायीकरण गरि हिन्दुहरुको महानचाड दिपावलीको बेला प्लाष्टिकजन्य फुल तथा मालाहरुलाई पूर्ण निषेध गरिनेछ । फुलको मालालाई प्रोत्साहित गरिनेछ ।

पर्यटन मार्फत आर्थिक विकासका लागि पर्यटकिय क्षेत्रहरुको पहिचान, संरक्षण र विकास गरिनेछ । धुर्कोट कोट क्षेत्रमा धुर्कोट संग्रहालय निर्माण गरि ऐतिहासीक दरवारलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ । हाडहाडे स्थित धनमुडा होम स्टेलाई यसै वर्ष सञ्चालनमा ल्याइनेछ । पर्यटकिय स्थलहरु पहिचान गरि व्यवस्थित गरिनेछ । ऐतिहासिक, धार्मिक, साँस्कृतिक भौतिक तथा अभौतिक सम्पदाहरुको संरक्षण गरिनेछ । वडा नं. ५ स्थीत विचित्र

गुफाको प्रचार प्रसार गरि उक्त क्षेत्रलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ । वि.सं. २०७८ लाई धुर्कोट भ्रमण वर्ष मनाईनेछ जसका लागि धुर्कोट गाउँपालिका भित्रका पर्यटकीय, धार्मिक, ऐतिहासीक क्षेत्रको पूर्वाधार विकासमा जोड दिइनेछ ।

घरेलु तथा साना उद्योग विकासका लागि आवश्यक प्रोत्साहन गरिने र स्थानीय उत्पादनको उपभोग र प्रवर्द्धनमा जोड दिईनेछ । विभिन्न घरेलु तथा साना उद्योगहरुलाई सरंक्षण र प्रर्वद्धन गरिनेछ । गाउँपालिकाको केन्द्रमा किसानबाट उत्पादित वस्तुहरुको बजारीकरणका लागि पैचो पसल सञ्चालनमा ल्याईनेछ । संघिय सरकार र प्रदेश सरकार संग साझेदारी गरि विभिन्न आर्थिक विकास संम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## सामाजिक विकास :

व्यवसायिक तथा प्राविधिक शिक्षालाई जोड दिँदै प्राविधिक शिक्षालय स्थापना गर्न आवश्यक पहल गरिनेछ । पाञ्चायन मा.वि.मा सञ्चालन गरिएको कृषि प्राविधिक शिक्षा कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ । विज्ञान तथा प्रविधिको प्रवर्धन र अवलम्बनका लागि प्रविधिमुलक कार्यलाई प्रोत्साहन दिईनेछ ।

गाउँपालिका भित्रको एकमात्र बहुमुखी क्याम्पस धुर्कोट परमानन्द बहुमुखी क्याम्पसको पूर्वाधार विकासका लागि आवश्यक पहल गरिनेछ ।

जीवनमा शिक्षाको औपचारिक सुरुवातको रुपमा रहने बाल विकास शिक्षालाई रोचक, ज्ञानबर्दक र व्यवस्थित बनाईनेछ । बाल सहयोगी कार्यकर्तालाई तालिमको व्यवस्था गरिनेछ । आधारभुत र माध्यमिक शिक्षामा सबै बालबालिकाहरुको समतामुलक पहुच, गुणस्तर र सान्दर्भिकता तथा संस्थागत सक्षमता हुनेछ । सिकाई उपलब्धी कम प्रतिशत भएका विषयगत शिक्षकहरुलाई गणित, विज्ञान र अङग्रेजी विषयको तालिम सञ्चालन गरिनेछ । शैक्षिक संस्थाहरुलाई गुणस्तर बनाउन अध्ययन अवलोकन भ्रमण गराई त्यहाँको असल अभ्यास अनुशरण गराईनेछ । बनाउन यस गाउँपालिका भित्रका सामुदायीक विद्यालयहरुमा एस.ई.ई. (SEE) परिक्षामा उत्कृष्ठ हुने एक जना छात्र र एक जना छात्रा लाई पुरस्कृत गरिनेछ ।

गाउँपालिका पूर्ण साक्षर घोषणा भैसकेकाले त्यसको निरन्तरताका लागि पुनर्ताजकिय कार्यक्रम सञ्चालन गरिनेछ । गरिब ,विपन्न तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई शैक्षिक सामग्रीको व्यवस्था तथा छात्रवृत्तिको लागि निश्चित कोष स्थापना गरि सञ्चालन गरिनेछ । गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयहरुमा निजि श्रोतका शिक्षकहरुको समस्या समाधानका लागि प्रति विद्यार्थी अनुदान (PCF) कार्यक्रम सञ्चालन गरिनेछ । विद्यार्थी संख्या कम भएका विद्यालयहरुमा नजिकको विद्यालयमा गाभ्ने र दरवन्दी मिलान गर्न कार्यलाई अगाडी बढाईनेछ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरको सुधार गर्न विद्यालयका प्रधानाध्यापक र विषय शिक्षहरु सगं कार्य सम्पादन करार गरि कार्यसम्पादनलाई प्रभावकारी बनाईनेछ ।

सामुदायिक सिकाई केन्द्रलाई सुचना प्रविधि पुर्वाधार सहितको शैक्षिक सुचना केन्द्रको रुपमा विकास गर्ने कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

प्रत्येक वर्ष गाउँपालिकास्तरीय विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गरि खेलकुद क्षेत्रको विकासका लागि गाउँपालिकास्तरिय मुल खेलकुद विकास समिति र वडा स्तरीय उपसमितिहरु गठन गरि कार्यक्रम कार्यान्वयन गरिनेछ । एक वडा एक खेलमैदान कार्यक्रम तुरुन्त कार्यान्वयनमा लगिनेछ । घरीथुम खेलमैदान निर्माण गरि यसै वर्ष सञ्चालनमा ल्याइनेछ र युवा, विद्यार्थी र बालबालिकाहरुलाई विभिन्न खेल प्रति आकर्षण गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ । युवाहरुलाई विपद व्यवस्थापन, सामाजीक विकास, वातावरण संरक्षण लगाएतका क्षेत्रमा स्वंयम सेवकको भुमीकामा परिचालन गरिनेछ । बैदेशिक रोजगारबाट फर्कका युवाको सिप दक्षताको पूर्ण रुपमा उपयोग गरि स्वरोजगार तथा उद्यमशिल बन्न आवश्यक तालिम सञ्चालन गरिनेछ ।

प्रत्येक व्यत्तिलाई आधारभुत स्वास्थ्य सेवाको पहुँचबाट बञ्चित गरिने छैन । स्वास्थ्य संस्थाहरुलाई व्यपस्थित र प्रविधियुक्त बनाउदै लगिनेछ । विशेष परिस्थितिका लागि प्रत्येक स्वास्थ्य संस्थाहरुमा स्थानीय व्यक्तिहरु सहितको QRT(Quick Response Team) व्यवस्था गरिनेछ । धुर्कोट प्राथमिक स्वास्थ्य केन्द्रमा एक्सरे सेवा

सञ्चालनमा ल्याईनेछ र भिडियो एक्सरे सेवा र पोष्ट मार्टम भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ । गाउँपालिकाको वडा नं. ६ धुर्कोट रजस्थललाई शुन्य घरमा सुत्केरी वडा (No Home Delivery) घोषणा गरिनेछ र क्रमशः सबै वडामा लागु गरिनेछ । जैसीथोक स्वास्थ्य चौकी र नयाँगाउ स्वास्थ्य चौकीमा यसै वर्ष देखि २४ सै घण्टा प्रसुति सेवा सञ्चालनमा ल्याइनेछ । गर्भवती पोषण कार्यक्रमलाई चरणगत रुपमा सबै वडाहरुमा लागु गरिनेछ ।

धुर्कोट प्राथमिक स्वास्थ्य केन्द्रलाई अनुसन्धान केन्द्रको रुपमा विकसित गर्दै लगिनेछ । हाडहाडेको धनमुडामा सामुदायिक स्वास्थ्य सेवा केन्द्रको सेवा प्रवाहलाई निरन्तर रुपमा सञ्चालनमा ल्याईनेछ ।

लैङ्गीक समानता र सामाजिक समावेशिकरण प्रवद्धनका लागि वितरणकारी र पुनर्वितकरणकारि न्यायको सिद्धान्त अवलम्बन गरिनेछ । लैङ्गीक हिंसा न्युनिकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिने,कानुनी सहायता उपलब्ध गराइने तथा कानुनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग गरिनेछ । मदिरा जन्य वस्तुको सेवन र वेचविखनलाई न्यूनिकरण गरिनेछ ।

गाउँपालिकाबाट सञ्चालन हुने हरेक किसिमका कार्यक्रमहरुमा समावेशीकरणको नीति अवलम्बन गरिनेछ । शहिद तथा द्वन्द पिडित परिवार लक्षित विविध कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ । गाउँपालिकाको केन्द्रमा निर्माण हुन लागेको सहिद पार्क लाई यसै वर्ष सञ्चालनमा ल्याइनेछ ।

वस्ती स्तरमा गठन भएका टोल संरक्षण महिला मञ्चलाई सामाजिक विकृति विसङगतिलाई अन्त्य गर्न प्रभावकारी ढङ्गले परिचालन गरिनेछ साथै विभिन्न तालिमहरुको व्यवस्था गरिनेछ । उपभोक्ता समिति गठन गर्दा अध्यक्ष वा सचिव मध्ये एक मुख्य पद सहित समितिमा महिलाको ४५% सहभागिता सुनिश्चित गरिनेछ । खाता सञ्चालनमा एक जना महिला अनिवार्य अनिवार्य हुनपर्ने ब्यवस्था गरिनेछ । एकल महिलाहरुका लागि आत्म निर्भर बनाउन विभिन्न शिपमुलक तालिम सञ्चालन गरिनेछ ।

महिला,आदिवासी/ जनजाति, दलित, अल्पसंख्यक, अपाङ्गता भएका ब्यक्ति हरुका लागि विभिन्न लक्षित कार्याक्रमहरु संचालन गरिनेछ ।

सरकारी तथा गैर सरकारी संस्थाहरुबिच आपसी समन्वय र सहकार्यका आधारमा सेवा प्रवाहलाई जोड दिइनेछ । गैर सरकारी संस्था सञ्चालनमा एकिकृत कार्यक्रम र एक द्वार नीति अवलम्बन गरिनेछ । धुर्कोट गाउँपालिका भित्र हुने विभिन्न भाषा, कला, संस्कृति, मठ, मन्दिर संरक्षण प्रवद्धन र विकासका लागि विभिन्न कार्यक्रहरु सञ्चालन गरिनेछ । लामो समयदेखि धुर्कोटवासिले भोग्दै आएको स्वच्छ पिउने पानीको समस्यालाई समाधान गर्न हरसम्भव प्रयास गरिनेछ । एक घर एक धारा कार्यक्रमलाई द्रुतताका साथ अगाडी बढाईने छ । सरसफाई तथा फोहोर मैला व्यवस्थापनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । लिफ्ट खानेपानी सञ्चालनको लागि संघिय सरकार र प्रदेश सरकार संग साझेदारी गरि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । शान्ती सुरक्षा व्यवस्थित गर्नको लागि नगर प्रहरीको व्यवस्था गरिनेछ । स्थानीय सरकारलाई प्रदत्त अधिकार क्षेत्रको अधिनमा रही विषयगत क्षेत्रका ऐन कानूनहरु तर्जुमा गर्ने कार्यलाई प्राथमिकतासाथ निरन्तरता दिइनेछ । गाउँपालिकाको न्यायीक कार्यलाई प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ । न्यायीक निरुपणमा हुदै आएको अन्योलताको अन्त्य गरिनेछ । प्रत्येक वडामा वडा अध्यक्षको संयोजकत्वमा मेलमिलाप तथा सहजकर्ता समिति गठन गरि उत्पन्न हुने विवादहरुलाई समाधान गरिनेछ । वडा स्तरबाट समाधान हुन नसकेका विवादहरुलार्य गाउँस्तरीय मेलमिलाप तथा सहजीकरण समिति मार्फत मेलमिलाप गराइनेछ । मेलमिलाप तथा सहजीकरण समिति मार्फत मिलापत्र गर्न नसकेका विवादहरु न्यायीक समिति मार्फत न्याय निरुपण गरिनेछ ।न्याय सम्पादनको कामलाई छिटो, सजिलो र चूस्त बनाइनेछ ।

## पूर्वाधार विकास :

पूर्वाधार विकासका लागि प्राथमिकीकरण गरि विस्तृत सर्वे डिजाइनका आभारमा पूर्वाधारका कार्यहरु अगाडी बडाइनेछ ।

गाउँपालिका र वडास्तरीय योजना तर्जुमाका क्रममा तात्कालिन, अल्पकालीन र दीर्घकालिन योजनाहरु छनौट गरि ल्याईएको छ । प्रत्येक वडामा एक/एक वटा पूर्वाधार सम्बन्धी जनशहभागितामा आधारीत नमुना योजना सञ्चालन गरिनेछ ।

बजार तथा व्यवसायलाई व्यवस्थित र नियमित गरिनेछ । गाउँपालिका अन्तर्गत हाटबजार सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

श्रमको सम्मानको वातावरण सुजना गरिनेछ । बालश्रमको पूर्णरुपमा अन्त्य गर्न पहल गरिनेछ । सम्मान जनक ज्यालादर निर्धारण गरि श्रमिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ । श्रमीकका लागि विभिन्न मेसिन औजारहरु वितरण गरिनेछ ।

कृषि, सिंचाई, गरिबी निवारण तथा पर्यटन प्रवर्धन सम्बन्धी पूर्वाधारको विकासमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ । सिंचाई कुलो, लिफ्ट सिंचाई, थोपा सिंचाई र प्लाष्टिक पोखरी निर्माण मार्फत सिंचाई कार्यलाई व्यवस्थित गरिनेछ । बहुउदेश्यि पनाहा खोला बुढीकोट लिफ्ट सिचाईको लागि विस्तृत अध्ययन गरिनेछ ।

गाउँपालिकाको केन्द्रबाट सबै वडामा पुग्ने मोटरबाटोलाई व्यवस्थित र बाह्रै महिना सुचारु गरिनेछ । एक वडा एक सडक मजदुर राखी नियमित गरिनेछ । पूर्वाधारका कार्य गर्दा स्थानीय स्रोत साधन र जनशक्ति लाई प्राथमिकता दिईनेछ । गाउँपालिकाभित्र रिङरोड सञ्चालन र बसपार्क स्थापना गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ ।

विद्युत उत्पादनको सम्भाव्यता अध्ययन, प्रसारण लाईन व्यवस्थापन तथा वैकल्पिक उर्जा प्रवर्धन सम्बन्धी कार्यको थालनी गरिनेछ । गाउँपालिकाको केन्द्र बर्वोटमा सौर्य उर्जा प्रणाली मार्फत सडक बत्तिको व्यवस्था गरिनेछ । उक्त कार्याक्रमलाई सवै वडाका बजार केन्द्रमा विस्तार गरिनेछ ।

व्यवस्थित बस्ति विकास गुरुयोजना तयार गरि लागु गरिनेछ । राष्ट्रिय पुन निर्माण प्राधिकरणबाट वाग्लामा निर्माण हुन लागेको नमुना वस्तीलाई आवश्यक सहयोग गरिनेछ । वडा नं. ४ मा रहेको गोपेको वस्तीलाई स्थानान्तरण गरि नमुना वस्ती निर्माण गरिनेछ । सुकुम्बासीको लगत संकलन गरि सुरक्षित आवास निर्माण गरिनेछ । गाउँपालिकाको भवन निर्माण कार्यलाई यसै वर्ष पनि निरन्तरता दिईनेछ । धुर्कोट कोटमा धुर्कोट संग्रालय यसै वर्ष निर्माण कार्य सुरु गरिनेछ । वडा कार्यालयका भवनहरु व्यवस्थित गरिनेछ ।

## वन वातावरण तथा विपद व्यवस्थापन :

हरियालि प्रवर्धन गर्ने तथा प्राकृतिक सुन्दरता कायम गर्ने कार्यलाई प्राथमिकता दिईनेछ । विकास कार्यक्रम सञ्चालन गर्दा दिगो विकास नीति अवलम्बन गरिनेछ । एक टोल एक सुख्खा पोखरी निर्माणलाई प्रभावकारी ढङ्गले अगाडी बढाईनेछ । वातावरणमैत्री प्राचिन प्रविधिहरुको संरक्षण र हस्तान्तरणमा जोड दिइनेछ । वृक्षारोपण, तटबन्ध, नदी नियन्त्रण तथा जलवायु अनुकुलनका कार्यक्रमहरु कार्यान्वयन गरिनेछन् । जलवायु परिवर्तन अनुकुलनका लागि छुट्टै कोष स्थापना गरिनेछ । सार्वजनिक स्थलमा वर, पिपल र स्वामीका विरुवाहरु वृक्षारोपण गरि वातावरण संरक्षण कार्यलाई निरन्तरता दिईनेछ। जैविक विविधता र जलाधारको दियो व्यवस्थापन उपयोगमा स्थानीय समुदायको पहुच बृद्धि गरिनेछ । वन पैदावारमा आत्म निर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशिलता र रोजगारी बृद्धि गर्ने निति लिइनेछ । सबै प्रकारका वनहरुमा पानिको मुहान, कुवा, इनार क्षेत्रको संरक्षण गरिनेछ । गाउँपालिका भित्र बग्ने खोला, नदी, पोखरी, पानीका मुहानहरु लगायत प्राकृतिक श्रोतहरु अतिक्रमण, प्रदुषित हुन दिइने छैन । एक वडा एक नर्सरी स्थापना गरिनेछ ।

स्वच्छ धुर्कोट अभियान सञ्चालन अभियानका लागि एक छुट्टै सरसफाई कोष स्थापना गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

गाउँपालिका स्तरिय विपद् प्रतिकार्य योजना तयार गरि लागु गरिनेछ । विपद् व्यवस्थापन कोषलाई व्यवस्थित गरिनेछ । चरिचरन व्यवस्थापन, डढेलो र प्रकोप नियन्त्रणका लागि वन संरक्षण सम्बन्धी कार्यहरु समन्वायत्मक ढङ्गबाट गरिनेछ ।

विपद् तथा प्रकोपबाट प्रभावितहरुलाई तत्काल उद्धारका लागि QRT(Quick Response Team) प्रत्येक वडामा गठन गरिनेछ ।

फोहोरको उत्पादनलाई न्युनिकरण गर्ने र उत्पादित फोहोरलाई वर्गीकरण गरि पुन प्रयोगमा जोड दिईनेछ । व्यवस्थित डम्पिङ्ग साईटको निर्माण गरि फोहोरबाट उर्जा उत्पादनको सम्भाव्यता अध्ययन गरिनेछ । सार्वजनिक कार्यक्रमहरुमा पलाष्टीक प्रयोगलाई पूर्णरुपमा निषेध गरिनेछ । पेशा व्यवसायमा प्रयोगमा आउने प्लाष्टिकलाई न्यूनीकरण गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास :

सार्वजनिक सेवा प्रवाहमा विद्युतिय प्रविधिको अवलम्बन गरि द्रुत सेवा र प्रभावकारी अभिलेख व्यवस्थापनमा ध्यान दिईनेछ । सेवामैत्री संरचना तथा सेवाग्राहीमैत्री व्यवहारमार्फत गुणस्तरीय सेवाप्रवाहलाई मुल मन्त्रका रुपमा अवलम्बन गरिनेछ । सम्पूर्ण कार्यहरु अनलाइन प्रणाली मार्फत सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

गाउँपालिकामा अत्याधुनिक पूर्वाधारसहितको सुचना तथा अभिलेख केन्द्र निर्माण गरिनेछ । सामाजिक सुरक्षा भत्तालाई यथासम्भव सहज र व्यवस्थित गरिनेछ ।

भ्रष्टचारजन्य क्रियाकलाप प्रति शुन्य सहनशिलताको अवधारणा मार्फत सुशासनको प्रत्याभुती प्रदान गरिनेछ । गाउँपालिका भित्रका सार्वजनिक निकायबाट सम्पादन हुने सेवा प्रवाह तथा काम कारवाहिको मूल्याङकन गरि दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ । प्रत्येक चौमासीकमा गाउँपालिका स्तरीय र वडा स्तरीय सार्वजनिक सुनुवाई गरिनेछ । सामाजिक परिक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ । गाउँपालिका र वडा कार्यालय मार्फत प्रवाह हुने सेवालाई छिटो, छरितो र प्रभावकारी बनाईनेछ ।

कालोबजारी नियन्त्रण तथा अत्यावश्यक वस्तु तथा सेवाको उपलब्धताका लागि स्थानीय सरोकारवाला सर्वपक्षिय प्रतिनिधि सम्मिलित समिति निर्माण गरि अनुगमन र नियमन गरिनेछ । व्यवसायीले मुल्यसुचि राख्नुपर्ने नीतिलाई कडाईका साथ लागु गरिनेछ ।

बालमैत्री स्थानीय शासनमा जोड दिनुका साथै सेवा प्रवाहका कममा फरक क्षमता भएका व्यत्तिहरुलाई विशेष सहुलियत र ग्राह्यता दिईनेछ ।

निर्वाचित जनप्रतिनिधी,सेवा प्रदायक कर्मचारीहरुका लागि क्षमता विकास सम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिनेछ । जस अन्तर्गत जनप्रतिनिधी तथा कर्मचारीका लागि कम्प्यूटर, अङग्रेजी भाषा तालिम तथा ड्राईभिङ तालिम सञ्चालन गरिनेछ । प्रत्येक वडामा एक/एक मेलमिलाप केन्द्रको स्थापना गरिनेछ ।

विषयगत कार्यालयका कर्मचारीहरुका लागि सम्बन्धित क्षेत्रको दक्षता अभिबृद्धि हुने खालका क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

महिला स्वास्थ्य स्वंयसेविकाहरुलाई प्रोत्साहन तथा क्षमताविकासका तालिम सञ्चालन गरिनेछ ।

रोजगारि मुलक कार्यक्रमका रुपमा कम्प्युटर, सिलाई कटाई, हस्तकला, कुकिङ्ग, मोबाइल मर्मत तथा कम्प्युटर मर्मत, मोटरसाइकल मर्मत, सिकर्मी/डकर्मी लगायत सीपमुलक तालिम सञ्चालन गरिनेछ ।

देश तथा विदेशका सेवा प्रवाह सम्बन्धी अनुकरणीय अभ्यासको अध्ययनका लागि अध्ययन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ । खानेपानी योजना, भवन निर्माण तथा मेसिन औजार खरिद सम्बन्धी योजना सञ्चालन गर्दा ३३ प्रतिशत पेश्की उपलब्ध गराईनेछ ।

प्रत्येक आयोजना सञ्चालन गर्दा उपभोक्ता समितिहरुलाई योजनाको सुरुमा अभिमुखिकरण र योजनाको अन्तमा अनिवार्य खर्च सार्वजनिक गर्ने व्यवस्था लागु गरिनेछ । आयोजना सञ्चालन गर्नु पुर्व सञ्चालन भइरहेको अवस्थामा र सम्पन्न पश्चात गाउँपालिका र वडा स्तरबाट अनुगमन गरिनेछ । दोस्रो चौमासीक सम्ममा ७०

प्रतिशत भुक्तानी भएका वडा मध्येबाट उत्कृष्ट वडालाई प्रोत्साहन सोरुप यसै वर्ष सम्पन्नहुने गरि थप योजनाका लागि बजेटको व्यवस्था गरिनेछ । गाउँपालिकाबाट प्रदान गरिने विभिन्न पुरस्कारहरुलाई निरन्तरता दिइनेछ । असारे विकासको अन्त्य गर्नका लागि दोश्रो चौमासिकमा सम्पूर्ण योजनाहरुको अनुगमन गरि काम सुरु नगर्ने योजनाहरु खारेज गरिने तथा दोश्रो चौमासिक सम्म लक्षित कार्य नगर्ने योजनाहरुको निश्चित रकम कट्टी गरिनेछ ।

अन्तमा परिवर्तित राज्यसंरचनाको नौलो अभ्यास,स्थानीय तहको एक वर्षको अनुभव आगामी वर्षका लागि महत्वपूर्ण हुनेछ । गाउँसभामा उपस्थित सदस्यज्यूहरु,सम्पूर्ण अतिथिज्यूहरु, आम जनसमुदाय, कर्मचारी तथा सुरक्षाकर्मी साथीहरु, पत्रकार लगायत सबैमा यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग र समन्वयको अपेक्षासहित धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद नमस्कार ।**

**भुपाल पोखरेल**
**अध्यक्ष**
**धुर्कोट गाउँपालिका, बर्वोट, गुल्मी**